# संघीय संसद
# प्रतिनिधि सभा
# महिला तथा सामाजिक मामिला समिति
# (बैठक निर्णय-३८)

मितिः २०८१/०४/१० गते

प्रारम्भः दिनको ११: ०० बजे

समाप्तः दिनको १: ०० बजे

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निएर्णय गरियो ।

१. संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक, सांस्कृतिक संगठन (युनेस्को) ले नेपालमा शैक्षिक पुनरुत्थान, संस्कृति, समावेशी एवं दिगो विकास जस्ता मूलभूत विषयगत क्षेत्रमा योगदान गर्दै आएको छ । युनेस्कोका मूलभूत विषयगत क्षेत्रमध्ये शैक्षिक पुनरुत्थान, उत्थानशीलता र पुनर्परिकल्पना पनि रहेको सन्दर्भमा "बालबालिकाको शैक्षिक विकासमा युनेस्कोले खेल्दै आएको भूमिका" सम्बन्धामा समितिको बैठकमा युनेस्को प्रतिनिधिसँग छलफल भयो । छलफलका क्रममा युनेस्कोको नेपाल स्थित संगठनबाट नेपालको शैक्षिक स्तर सुधारका लागि शिक्षक तालिम, शैक्षिक सामग्रीको उपलब्धता एवं पाठ्यक्रममा सुधार लगायतका विषयमा शिक्षा मन्त्रालयसँग समन्वय भईरहेको, विद्यालयसँग सम्बन्धित लैङ्गिक हिंसा सम्बन्धमा नमूना परियोजनाका रुपमा काम भईरहेको, साक्षारता अभियान नेपालको नेतृत्व समेत गर्दै आएको कुराको जानकारी भयो । सार्वजनिक विद्यालयको स्तर अत्यन्तै कमजोर रहेकोले शिक्षालाई व्यवहारिक ज्ञान आर्जन, उत्पादन र रोजगारीसँग जोड्नका लागि थप पहल गर्नुपर्ने, शिक्षालाई दलित उत्थानको विषय बनाउनु पर्ने र शिक्षालाई सूचना प्रविधिसँग जोड्नु पर्ने लगायतको विषयमा समितिबाट सुझाव दिईयो ।साथै आगामी दिनमा उक्त संगठनसँग विस्तृत छलफल गर्ने निर्णय गरियो ।

२. समितिको अर्को बैठक भोली मिति २०८१।०४।११ गते विहान ११:०० बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**